सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५ उपदफा (३) बमोजिमको विवरण देहाय बमोजिम रहेको छ ।

क. निकायको स्वरुप र प्रकृति :-

कम्पनी ऐन २०६३ बमोजिम स्थापना भई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ बमोजिम नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त गरी सञ्चालित "क" वर्गको बैंक ।

ख. निकायको काम कर्तव्य र अधिकार :-

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ बमोजिमको काम कर्तव्य र अधिकार रहेको छ ।

ग. निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण:

हाल कार्यरत कर्मचारी संख्या २,७४६ रहेको र बैंकले तोकेको कार्य विभिन्न पदमा कार्यरत कर्मचारी मार्फत भई रहेको छ । व्यवस्थापन समितिका पदाधिकारीहरुको नाम र पद यस बैंकको वेबसाइट www.laxmisunrise.com मा गई हेर्न सकिने छ ।

घ. निकायबाट प्रदान गरिने सेवा:

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ बमोजिम "क" वर्गको बैंकले दिन सक्ने सबै किसिमका बैंकिङ्ग सेवाहरु ।

ङ. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी :

सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीको विवरण यस बैंकको वेबसाइट www.laxmisunrise.com मा उपलब्ध छ ।

च. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि :

बैंकले प्रदान गर्ने विभिन्न सेवाको शुल्क तथा अवधिको विवरण यस बैंकको वेबसाइट www.laxmisunrise.com मा उपलब्ध छ ।

छ. निर्णय गर्ने प्रक्रिया र अधिकारी :

बैंकिङ्ग कारोवार सम्बन्धमा विभिन्न प्रकारका निर्णयहरु विभिन्न तहका अधिकारीहरुले गर्न सक्ने व्यवस्था मिलाईएको छ । अन्य नियमित कार्य सञ्चालन सम्बन्धमा प्रमुख कार्यकारी अधिकृत तथा बैंकको सञ्चालक समितिलाई अन्तिम निर्णयकर्त्ताको रुपमा राखिएको छ ।

ज. निणर्य उपर उजुर सुन्ने अधिकारी :

ग्राहकहरुको गुनासो तथा उजुरी सुन्नका लागि शाखाहरुमा सम्बन्धित शाखा प्रमुखहरुलाई र केन्द्रिय स्तरमा प्रमुख सञ्चालन अधिकृतलाई गुनासो सुन्ने अधिकारीको रुपमा रहने व्यवस्था गरिएको छ । निजको नाम ठेगाना निम्न अनुसार रहेको छ ।

मनोहर राज उप्रेती
प्रमुख सञ्चालन अधिकृत
लक्ष्मीसन्राइज बैंक लिमिटेड, लक्ष्मी कम्पलेक्स, हात्तीसार, काठमाण्डौ
पो.बं.नं.१९५९३, फोन नं.०१-४५४४६८४/६८५, ९८६६२९८९५०

झ. सम्पादन गरेको कामको विवरण :

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ बमोजिम "क" वर्गको बैंकले दिन सक्ने सबै किसिमका बैंकिङ्ग कारोवारहरु सम्पादन भई रहेको छ ।

ञ. सूचना अधिकारी र प्रमुखको नाम र पद :

यस बैंकको सूचना अधिकारीको नाम र पद निम्न बमोजिम रहेको छ ।

पियूष राज अर्याल
प्रमुख वित्तीय अधिकृत
लक्ष्मीसन्राइज बैंक लिमिटेड, लक्ष्मी कम्पलेक्स, हात्तीसार, काठमाण्डौ
पो.बं.नं.१९५९३, फोन नं. ०१-४५४४६८४/६८५, ९८६६२९८९५१

साथै यस बैंकका शाखा कार्यालयहरुमा सम्बन्धित शाखा प्रमुखहरुलाई समेत सूचना अधिकारीको रुपमा कार्य गर्ने व्यवस्था मिलाइएको छ ।

ट. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची :

देशमा रहेका प्रचलित सबै ऐन, नियम, विनियम वा निर्देशिकाहरु बैंकले पालन गर्नुपर्ने हुन्छ भने देहायका ऐन, नियम, विनियम वा निर्देशिकाहरु बैंकिङ्ग कारोवारका लागि प्रमुख रुपमा रहेका छन ।

१. बैंक तथा वित्तीय संस्था संम्बन्धी ऐन २०७३
२. नेपाल राष्ट्र बैंक ऐन २०५८
३. बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन २०५८
४. कम्पनी ऐन २०६३
५. बैंकिङ्ग कसुर तथा सजाय ऐन २०६४
६. सम्पति शुद्धिकरण निवारण ऐन २०६४
७. धित्तोपत्र सम्बन्धी ऐन २०६३
८. सुरक्षित कारोवार ऐन २०६३
९. विनिमय अधिकार पत्र ऐन २०३४
१०. विदेशी सञ्चालन नियमित गर्ने ऐन २०१९
११. उपरोक्त ऐनहरु बमोजिमका सम्पुर्ण नियम तथा विनियमहरु
१२. नेपाल राष्ट्र बैंकबाट जारी भएका सम्पुर्ण निर्देशिका र परिपत्रहरु

ठ. **आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण :**

बैंकको आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी त्रैमासिक अद्यावधिक विवरणहरु राष्ट्रिय स्तरको पत्र पत्रिकामा प्रकाशित हुदै आएको छ । साथै यस बैंकको वेबसाइट www.laxmisunrise.com मा समेत यसको विवरण राखिएको छ ।

ड. बैंकको प्रमुख कार्यकारी अधिकृतको नाम र ठेगाना :

श्री अजय विक्रम शाह
प्रमुख कार्यकारी अधिकृत
लक्ष्मीसन्राइज बैंक लिमिटेड
प्रधान कार्यालय
लक्ष्मी कम्प्लेक्स, हात्तीसार, काठमाण्डौ,
पो.बं.नं.१९५९३, फोन नं.०१-४५४४६८४/६८५

साथै सूचनाको हक सम्बन्धी नियमावली २०६५ को नियम ३ बमोजिमको विवरण देहाय बमोजिम रहेको छ ।

क. **अधिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण** :

यस बैंकले सबै किसिमका बैंकिङ्ग सेवाहरु गर्दै आएको छ तर विशेष प्रकारको कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको छैन ।

ख. **सार्वजनिक निकायको वेबसाइट भए सोको विवरण** :

www.laxmisunrise.com

ख (१) **सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण:**

बैंकले नियमित बैंकिङ्ग व्यवसायका सम्बन्धमा नियामक प्रावधानको अधिनमा रही लिएको ऋण तथा प्राविधिक सम्झौताबाहेक अन्य कुनै वैदेशिक सहायता, ऋण अनुदान एवं प्राविधिक सहयोग सम्झौता गरेको छैन ।

ख (२) **सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन** :

बैंकले नियमित बैंकिङ्ग व्यसायसँग सम्बन्धित बाहेक अन्य विशेष कार्यक्रम सञ्चालन गरेको छैन ।

ख (३) **सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गर्न तोकिएको सूचना तथा सो को समयावधि :**

बैंकका ग्राहकसँग सम्बन्धित व्यक्तिगत विवरण बाहेक बैंकले सूचना वर्गीकरण वा संरक्षण गर्न तोकेको छैन ।

ख (४) **सार्वजनिक निकायमा परेका सूचना मागसम्बन्धी निवेदन र सोउपर सूचना दिइएको विषय :**

आर्थिक वर्ष २०८३/८४ मा बैंकसमक्ष सूचना माग सम्बन्धी चार वटा निवेदन प्राप्त भएकोमा एक निवेदनउपर सूचना प्रदान गरिएको छ ।

ग. **सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण:**

बैंकको वार्षिक आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी विवरणहरु पुस्तकको रुपमा प्रकाशित गरिएको छ । साथै बैंकको आर्थिक विवरणहरु त्रैमासिक रुपमा विभिन्न राष्ट्रिय स्तरको पत्र पत्रिकामा प्रकाशित गरी बैंकको वेबसाइट www.laxmisunrise.com मा समेत राखिएको छ ।

लक्ष्मी सन्राइज बैंक लिमिटेड
Laxmi Sunrise Bank Limited

लक्ष्मीसन्राइज बैंक लिमिटेड, प्रधान कार्यालय
लक्ष्मी कम्प्लेक्स, हात्तीसार, काठमाण्डौ
फोन नं.०१-४५४४६८४/६८५ पो.बं.नं.१९५९३.
Email: - info@laxmisunrise.com
Visit us: - www.laxmisunrise.com